# कृषि तथा वन विज्ञान विश्वविद्यालय अर्न्तगत स्नातकोत्तर तथा विद्यावारिधि शोधग्रन्थको Plagiarism परीक्षण सम्बन्धि कार्यविधि- २०७७

## Plagiarism मानिने अवस्थाहरु

क) अरु व्यक्तिको मौलीक अवधारणा वा सिर्जनालाई नक्कल गर्ने, आफ्नो बनाउने र त्यसबाट लाभ लिने कार्यलाई Plagiarism मानिन्छ ।

ख) समूहमा गरेको सिर्जनालाई अनुमति बिना व्यक्तिगत लाभको लागी प्रयोग गर्नु पनि Plagiarism हो ।

ग) अरुको सिर्जनालाई केहि शब्दहरु मात्र परिवर्तन गरी नक्कल गर्नु, साथै अरुको लेखाईको भाषा, अनुच्छेद, तथ्याङ्कहरु, दृष्टान्त, फोटो, चार्ट, तालिका आदिको स्विकृती नलिई वा स्रोत नखुलाई नक्कल गर्नु Plagiarism हो ।

घ) अनुसन्धान गर्दा समूहमा नरहेको व्यक्तिले प्रभावको आधारमा बिना योगदान सिर्जनामा लेखकत्व लिनु पनि बौद्विक चोरी Plagiarism हो । तर सिर्जना तयारीमा योगदान गरेको प्रमाणित हुँदा Plagiarism ठहर्दैन ।

ङ) गलत सन्दर्भ सामाग्रीको प्रयोग गर्नु पनि Plagiarism हो ।

च) एउटै लेखलाई एकभन्दा बढि निकायमा प्रकाशित गर्नु पनि Plagiarism नै हो ।

## थेसिसमा Plagiarism को वर्गिकरण र कारवाहि

क) थेसिसको मूलभागहरु जस्तैः abstract, hypothesis, introduction, literature review, results, conclusionsर recommendations मा Plagiarism पूर्ण निषेध गरिएका क्षेत्रहरु हुन् ।

ख) हाललाई Plagiarism लाई दूई वटा लेभलमा वर्गिकरण गरिएको छ ।

i) लेभल १- स्नातकोत्तर तहको हकमा<२०% समानता

विद्यावारिधि तहको हकमा<१०% समानता

ii) लेभल २ - स्नातकोत्तर तहको हकमा>२०% समानता

विद्यावारिधि तहको हकमा>१०% समानता

ग) यसरी लेभल खुलाउँदा निम्नलिखित सामाग्रीहरु समावेश गरिने छैन ।

i) यहि थेसिस अनुसन्धान संबन्धि आफ्नै प्रकाशनहरु

ii) सन्दर्भ सामाग्रीहरु

iii) Title pages, certificates, key words, common names, place and location, scientific name of species, headings, acknowledgments, सामाग्रीहरु

घ) एउटै मात्र श्रोत बाट अधिकतम ४% भन्दा बढी समानता भएको हुनु हुने छैन ।

**कारवाही**

**लेभल १**: लेभल १ लाई कुनै कारवाही हुने छैन ।

**लेभल २**: क) सिर्जना फिर्ता लिनुपर्ने ।

ख) Plagiarism गरेको सिर्जनाको कुनै नम्बर नदिने ।

ग) सच्चाइएको सिर्जना १५ दिन भित्र पुन पेश गर्नु पर्ने र लेभल १ मा आएमा अर्को सेमेष्टर थप नगरि थेसिस कार्य पुरा गर्न सक्ने ।

घ) बुँदा "ग" अनुसार १५ दिन भित्र पेश गर्न नसकेमा वा पेश गरेर पनि लेभल १ मा नआएमा अनिवार्य अर्को सेमेष्टर थप गरि थेसिस कार्य पुरा गर्न सक्ने ।

ङ) लेभल १ मा नआए सम्म Plagiarism परीक्षण सर्टिफिकेट प्रदान गरिने छैन ।

## विद्यार्थीले Plagiarism परीक्षण को नियम पालना गर्दा ध्यान दिनु पर्ने बुदाँहरु

१. विद्यार्थीहरुले कोही कसैको Original अनुसन्धान एवं त्यसका परिणामलाई जस्ताको तस्तै सार्न बन्देज गरिएको छ ।

२. पुर्ण रुपमा हु-बहु साभार गरीएको लेख बौद्विक चोरी अर्न्तगत पर्ने भएकोले यसलाई पनि बन्देज गरिएको छ ।

३. कुनै अनुसन्धान कर्ताको लेख, त्यसको अबधारणा, तरीका, परिणामका केही अंश हु-बहु साभार गर्दा पनि बौद्विक चोरी ठहरीने भएकोले त्यस्ता लेखहरुका अभ्यासहरु लिदा पनि हु-बहु लिन पुर्ण बन्देज गरिएको छ ।

४. अनुसन्धान तथा कुनै लेख साभार गर्दा आफ्नो भाषामा परिवर्तन (Paraphrasing) गर्नु पर्ने र यसरी Paraphrasing गर्दा सम्बन्धित लेख तथा रचनाको मुख्य व्यक्तिको Citation र Reference छुटाउनु हुदैन ।

५. कुनै ग्राफ,चित्र, टेबल एवं शुत्रहरु साभार गर्दा तिनीहरुको पुर्ण रुपमा स्रोत खुलाउनु पर्ने छ ।

६. यदि कुनै विद्यार्थीले आफ्नो Thesis संग सम्बन्धित Research Paper, Conference Abstract एवं अन्य लेखहरुलाई Thesis बुझाउनु भन्दा नै अगाडी प्रकाशित गरि सकेको खण्डमा उक्त प्रकाशित भई सकेको लेख एवं रचनाहरुलाई स्पष्ट सँग प्रकाशित Journal वा प्रकाशन Institution, मिति, page एवं DOI (Digital Object Identifier) प्रष्ट सँग खुलाउनु पर्ने छ ।

**अनुसुचि १**

**कृषि तथा वन विज्ञान विश्वविद्यालय**

# स्नातकोत्तर कार्यक्रमनिर्देशनालय, रामपुर, चितवन

Plagiarism **परीक्षण समिति**

**क)** Plagiarism **प्रमाणिकरण**

१. अनुसन्धानकर्ताको नाम : ____________________________________

२. शोधग्रन्थको शिर्षक : ______________________________________

३. संकाय : कृषि/पशु विज्ञान पशु चिकित्सा तथा मत्स्य विज्ञान/वन विज्ञान

४. प्रमुख सल्लाहकारको नाम : ____________________________________

माथी उल्लेखित शोध ग्रन्थको प्रमुख सल्लाहकारको सुपरिबेक्षणमा विद्यार्थी आफैंले Plagiarismपरीक्षण गरिएको छ ।

प्रयोग गरिएको Software : _______________________मिति : __________________

समानता प्रतिशत : _________________________

**ख)** SelfPlagiarism **प्रमाणिकरण (लागु गर्न आवश्यकभएमा)**

यस शोधग्रन्थमा संलग्नविवरण अनुसार Self Plagiarismनलाग्ने कारणहरु उल्लेख गरिएको छ ।
यो सोध ग्रन्थको खण्डहरुतलउल्लेखित जर्नलमाप्रकाशितभएको छ रयीप्रकाशित अनुसन्धनात्मक कृति स्नातकोत्तर/विद्यावारिधि अनुसन्धान कै हिस्सा भएकोले Self Plagiarismनलाग्ने व्यहोरा जानकारी गराईन्छ ।

१.

२.

३.

यी कृतिहरु संलग्नशोधग्रन्थमामात्र समावेश गरिएको छ र यसको कुनै पनि अंश/खण्ड अरु कुनै डिग्रीको लागी अरु कुनै पनि विश्वविद्यालय/संस्थानमा नबुझाएको जानकारी गराईन्छ ।

_________________________ _________________________

**अनुसन्धानकर्ताको हस्ताक्षर** **प्रमुख सल्लाहकारको हस्ताक्षर**

**मितिः** **मिति :**

अनुसुचि २

## कृषि तथा वन विज्ञान विश्वविद्यालय

# स्नातकोत्तर कार्यक्रम निर्देशनालय, रामपुर, चितवन

**Plagiarismनिरीक्षणप्रमाणपत्र**

१. शोधग्रन्थ बुझाउने व्यक्तिको नाम :

२. शोधग्रन्थ बुझाउने विद्यार्थी संकेत (ID) :

३। शोधग्रन्थ बुझाउने विद्यार्थी

क) स्नातकोत्तर ख) विद्यावारिधि

४. शोधग्रन्थ बुझाएको मिति :

५. शोधग्रन्थको शिर्षक :

६. प्रमुख सल्लाहकारको नाम :

७. Plagiarism लेभल : ____________________

| | स्नातकोत्तर तह | प्रमाणित तह | विद्यावारिधि | प्रमाणिततह |
|---|---|---|---|---|
| लेभल1 | ≤२०% | | ≤१०% | |
| लेभल 2 | > २०% | | > १०% | |

ख) लेभल २ प्राप्त भएको खण्डमा, सम्बन्धित अनुसन्धानकर्ताले १५ दिन भित्र लेभल १ मा ल्याएको खण्डमा सोही सत्रान्तमा (Semester) थेसिस कार्य सम्पन्नगर्न सक्ने छ। अन्यथा अनिवार्य रुपमा नयाँ सेमेष्टरमा जानुपर्छ र अनिवार्य लेभल १ मा ल्याउनु पर्नेछ।

७. परीक्षण गर्ने समिति सदस्य

नाम :

हस्ताक्षर :

मिति :

८. परीक्षण प्रमाणित गर्ने समिति अध्यक्ष एवं स्नातकोत्तर कार्यक्रम निर्देशक

नाम :

हस्ताक्षर :

मिति :